सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) बमोजिम गरिएको

# स्वतः प्रकाशन

# (PROACTIVE DISCLOSURE)

(२०८३ वैशाख १ देखि २०८३ असार मसान्त सम्म)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम




नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, तेह्रथुम

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

## विषयसूचीः


१. जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृति ........ १

२. जिल्ला प्रशासन कार्यालय, तेह्रथुमको काम, कर्तव्य र अधिकार ........ १

२.१ शान्ति सुरक्षा सम्बन्धी कार्य ........ १

२.२ नागरिकता तथा राहदानी सम्बन्धी कार्य ........ १

२.३ स्थानीय प्रशासन सम्बन्धी कार्य ........ १

२.४ न्याय निरुपण/न्यायिक कार्य ........ २

२.५ विपद् व्यवस्थापन सम्बन्धी कार्य ........ २

२.६ लागुऔषध तथा मदिरा नियन्त्रण सम्बन्धी कार्य ........ २

२.७ कारागार प्रशासन ........ ३

२.८ अन्य कार्यहरू ........ ३

३. जिल्ला प्रशासन कार्यालयको स्वीकृत दरबन्दी तथा शाखागत कार्यविवरण ........ ४

३.१ जिल्ला प्रशासन कार्यालय, तेह्रथुमको स्वीकृत दरबन्दी ........ ४

३.२ जिल्ला प्रशासन कार्यालय, तेह्रथुम रहेको शाखा र जिम्मेवार अधिकारी ........ ४

३.३ निकायमा रहने कर्मचारी र जिम्मेवार अधिकारीको विवरण ........ ५

४. प्रदान गरिने सेवा तथा कार्यहरु ........ ५

क. स्थानीय प्रशासन सम्बन्धी सेवा ........ ५

ख. नागरिकता सम्बन्धी सेवा ........ ६

ग. राहदानी सम्बन्धी सेवा ........ ६

घ. मुद्दा तथा उजुरी गुनासो/सुनुवाई सम्बन्धी सेवा ........ ६

ङ. हातहतियार ईजाजत तथा नवीकरण सम्बन्धी सेवा ........ ६

च. संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा ........ ६

छ. विपद् व्यवस्थापन सम्बन्धी सेवा ........ ६

ज. अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धी सेवा ........ ७

५. सम्पादन गरेको कामको विवरण ........ ८

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः ........ ९

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी ........ १०

८. जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धित ऐन, कानून तथा प्रमुख जिल्ला अधिकारीको भूमिकाः ........ ११

९. आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण ........ २२


बन्दना राई
प्रमुख जिल्ला अधिकारी

१०. वेभ साईटको विवरण ........................................ २२

११. सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय ........................................ २२


बन्दना राई
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

## १. जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृति

स्थानीय प्रशासन ऐन, २०२८ को परिच्छेद ३ को दफा ४(१) मा जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था रहेको छ। सो कार्यालयको प्रमुखको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था छ।

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउधन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य उद्देश्य हो भने प्रचलित कानून, नीति, निर्देशनमा रही जिल्लास्तरीय कार्यालयहरुको अनुगमन गर्ने, नागरिकता तथा राहदानी वितरण गर्ने, स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सुशासन कायम गर्ने, अर्धन्यायीक निकायको रुपमा तोकिएका फौजदारी मुद्दाहरुको हकमा सुरु कारबाही र किनारा गर्ने साथै विकासात्मक कार्यहरुमा समन्वय र सहजीकरण गर्ने कार्यहरु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्यहरु हुन्।

## २. जिल्ला प्रशासन कार्यालय, तेह्रथुमको काम, कर्तव्य र अधिकार

### २.१ शान्ति सुरक्षा सम्बन्धी कार्य

- जिल्लामा शान्ति सुरक्षा, सुव्यवस्था तथा सुशासन कायम गर्ने।
- जिल्ला प्रहरी कार्यालय र मातहत ईकाइहरुको निरीक्षण अनुगमन गर्ने।
- गैर कानुनी आपराधिक तथा अवाञ्छित गतिविधी नियन्त्रण गर्ने।
- सबै सुरक्षा निकायहरुबीच प्रभावकारी समन्वय गर्ने।
- समाजमा अशान्ति, विभिन्न किसिमका हिंसा तथा अपराध, सोको प्रभाव तथा न्यूनीकरण सम्बन्धी विषयमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।
- केन्द्रीय सुरक्षा नीतिको समन्वयात्मक कार्यान्वयन गर्ने।
- दण्डहिनताको अन्त्य गर्ने।
- सार्वजनिक यातायातमा अवरोध हुन नदिने।
- सूचना व्यवस्थालाई प्रभावकारी बनाउने।

### २.२ नागरिकता तथा राहदानी सम्बन्धी कार्य

- वंशज,वैवाहिक अंगीकृत तथा गैरआवासीय नेपालीहरुलाई नेपाली नागरिकता प्रदान गर्ने।
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपी प्रदान गर्ने।
- नागरिकता सम्बन्धी अभिलेख प्रमाणित तथा सिफारिस गर्ने।
- नाबालक परिचयपत्र प्रदान गर्ने।
- राहदानी फारम संकलन तथा राहदानी वितरण गर्ने।

### २.३ स्थानीय प्रशासन सम्बन्धी कार्य

- संघ/संस्था दर्ता/नवीकरण, विधान संशोधन र शाखा खोल्ने स्वीकृती तथा नियमन सम्बन्धी कार्य।
- पारिवारिक पेन्सन एवं रहलपहल सम्बन्धी सिफारिस गर्ने, पारिवारिक विवरण प्रमाणित गर्ने।
- हातहतियार ईजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण गर्ने।
- विष्फोटक पदार्थ नियन्त्रण सम्बन्धी कार्य गर्ने।
- दलित, खस आर्य, आदिवासी जनजाती सम्बन्धमा सिफारिस तथा प्रमाणित गर्ने।

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

- ✧ पत्रपत्रिका तथा छापाखाना दर्ता गर्ने।
- ✧ नामथर, उमेर, वैवाहिक स्थिति आदि प्रमाणित गर्ने।
- ✧ जग्गा प्राप्ति तथा मुआब्जा सम्बन्धी कार्य गर्ने।

### २.४ न्याय निरुपण/न्यायिक कार्य

- ✧ प्रचलित कानून बमोजिम अर्धन्यायिक निकायको रुपमा न्यायिक कार्य गर्ने।
- ✧ कानूनले तोकेको सीमाभित्र मुद्दाको कारबाही तथा फैसला गर्ने।
- ✧ असहाय एवं गरिबहरूलाई निःशुल्क कानूनी सहायताको व्यवस्थापन गर्ने/गराउने।
- ✧ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन अनुरुप भ्रष्टाचार नियन्त्रण सम्बन्धमा आवश्यक कार्य गर्ने।
- ✧ ठाडो उजुरी एवं गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

### २.५ विपद् व्यवस्थापन सम्बन्धी कार्य

- ✧ विपद् व्यवस्थापन सेवा प्रवाहसँग सम्बन्धीत देहायका कार्ययोजना निर्माण गरी सचेतनामूलक कार्यक्रम सहित कार्यान्वयन गर्ने गरिएकोः
  - जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना (DPRP), २०८२/०८३
  - सबै स्थानीय तह समेटिने गरी उपलब्ध उपकरण सहितको QRT/IRTको परिचालन योजना, २०८३/०८४
  - राजमार्गमा हुने अवरोध हटाउन/व्यवस्थापन गर्न आवश्यक संभाव्य औजार/उपकरणहरुको परिचालन सम्बन्धी कार्ययोजना,२०८३/०८४
  - मनसुन, आगलागी, चट्याङ्ग, महामारी, आँधी प्रतिकार्य आपतकालीन कार्ययोजना, २०८३/८४
  - डढेलो तथा आगलागी पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२/८३
- ✧ स्थानीय तहमा विपद् व्यवस्थापन समितिको गठन।
- ✧ मौसम सम्बन्धी जानकारी कार्यालयको वेबसाईट मार्फत सूचना प्रदान।
- ✧ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा तथा परिमार्जन गर्ने।
- ✧ विपद् जोखिम न्यूनीकरण र पूर्व सूचना प्रणालीको विकास गर्ने।
- ✧ जोखिममा रहेका बस्तीको स्थानान्तरण गर्ने/गराउने।
- ✧ विपद् जोखिम न्यूनीकरण प्रतिकार्य तथा पुनर्लाभ कार्यलाई प्रभावकारी बनाउने।
- ✧ खोज तथा उद्दार र राहतको लागि स्वयंसेवक समूह गठन गर्ने।
- ✧ जिल्लामा विपद् व्यवस्थापनमा जिम्मेवार निकायहरूको बीचमा प्रभावकारी समन्वय संयन्त्र स्थापित गर्ने एवं भूमिका स्पष्ट गर्ने।
- ✧ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने/गराउने।
- ✧ विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारको निर्णय एवं निर्देशन र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम आवश्यकता अनुसार कार्य गर्ने।

### २.६ लागुऔषध तथा मदिरा नियन्त्रण सम्बन्धी कार्य

- ✧ लागु औषध ओसारपसार निषेध तथा मदिरा नियन्त्रण सम्बन्धी जिल्ला स्तरीय कार्ययोजना, २०८२/०८३ तर्जुमा गरी कार्यान्वयन भईरहेको।
- ✧ अवैध रूपमा उत्पादित मदिरा निषेध गर्ने।

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

- लागु औषध बिक्री वितरण, ओसारपसार र दुरुपयोग नियन्त्रण गर्ने।
- नागरिक समाजसँग सचेतनामूलक सहकार्य बढाउने।
- लागु पदार्थको दुष्परिणाम सम्बन्धी जनचेतना अभिवृद्धी गर्ने, स्थानीय तह र सञ्चार माध्यमसँगको साझेदारीमा सचेतनामूलक अभियान सञ्चालन गर्ने।
- सुरक्षा निकायबाट नियमन चुस्त, दुरुस्त बनाउने।
- सचेतना समूह एवं सामाजिक संघ/संस्थासँग समन्वय गरी विभिन्न कार्यक्रमहरू गर्ने।
- गैर सरकारी संस्थाहरूलाई सामाजिक विकासका क्षेत्रमा क्रियाशिल हुन उत्प्रेरित गर्ने।
- लागु औषधको स्रोत पहिचान तथा नष्ट गर्ने।

## २.७ कारागार प्रशासन

- कारागारको निरीक्षण/सुपरिवेक्षण गर्ने।
- सुरक्षा व्यवस्था मजबुत बनाउने।
- बन्दीहरूको क्षमता विकास तथा सीप अभिवृद्धी कार्यमा समन्वय र सहयोग गर्ने।
- सामाजिक सद्भाव, सहयोग र सकारात्मक भावना विकास गर्न सघाउ पुग्ने कार्यक्रम सञ्चालन गर्ने।
- विभिन्न सीपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जन गर्न सक्षमता प्रदान गर्ने।

## २.८ अन्य कार्यहरू

- ज्येष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी, जनजाती, दलित र फरक क्षमता भएका व्यक्तिहरूको हित संरक्षणमा कटिबद्ध रहने।
- गैर सरकारी संघसंस्थाहरूलाई सामाजिक विकासको क्षेत्रमा क्रियाशिल हुन उत्प्रेरित गर्ने।
- ज्येष्ठ नागरिक, महिला, बालबालिका र ग्रामीण एवं दुर्गम क्षेत्रका तथा सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने सेवाग्राहीलाई प्राथमिकता दिने।
- विद्युतीय नागरिक वडापत्रको प्रभावकारीता कार्यान्वयन गर्ने।
- सार्वजनिक सुनुवाई एवं एकीकृत घुम्ती शिविर सञ्चालन गर्ने।
- उद्योग वाणिज्य संघ, उपभोक्ता मञ्च लगायत अन्य निजी क्षेत्रहरूसँग समन्वय, सहयोग र सहकार्य गर्ने।
- कालोबजारी, नाफाखोरी र सिण्डिकेट जस्ता कार्यलाई नियन्त्रण गर्ने, स्वच्छ र प्रतिष्पर्धात्मक बजारको विकास गर्ने।
- नियमित रूपमा बजार अनुगमन गर्ने।
- नेपाल सरकार गृह मन्त्रालय एवं आन्तरिक मामिला तथा कानून मन्त्रालय लगायत सम्बन्धित केन्द्रीय निकायबाट हुने निर्णय एवं निर्देशन बमोजिमका कार्यहरू गर्ने।

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

## ३. जिल्ला प्रशासन कार्यालयको स्वीकृत दरबन्दी तथा शाखागत कार्यविवरण

### ३.१ जिल्ला प्रशासन कार्यालय, तेह्रथुमको स्वीकृत दरबन्दी

| क्र.सं. | पद | दरबन्दी संख्या | पदपूर्ती | कैफियत |
|---|---|---|---|---|
| १. | प्र.जि.अ. (रा.प. द्वितीय) | १ | १ | |
| २. | स.प्र.जि.अ. (रा.प. तृतीय) | १ | १ | |
| ३. | नायब सुब्बा | ४ | ३ | |
| ४. | लेखापाल | १ | - | को.ले.नि.का. बाट काजमा लिइएको। |
| ५. | कम्प्यूटर अपरेटर | २ | २ | |
| ६. | खरिदार | ४ | ३ | १ रिक्त |
| ७. | कार्यालय सहयोगी | ६ | ६ | करार ५ र स्थायी १ |
| ८. | हलुका सवारी चालक | १ | १ | |

### ३.२ जिल्ला प्रशासन कार्यालय, तेह्रथुम (शाखा र जिम्मेवार अधिकारी)

| क्र.सं. | नाम | पद | ठेगाना | शाखा | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १. | श्री बन्दना राई | प्र.जि.अ. | भोजपुर | | ९८५२०९७७७७ daotehrathum@gmail.com |
| २. | श्री बालकृष्ण लिम्बु | स.प्र.जि.अ. | म्याङलुङ-१०, तेह्रथुम | | ९८५२०६९६६६ acdotehrathum@gmail.com |
| ३. | श्री राम प्रसाद भट्टराई | नायब सुब्बा | म्याङलुङ-०१, तेह्रथुम | मुद्दा/विपद् व्यवस्थापन शाखा | ९८५२०५३००३ |
| ४. | श्री सुनिल सिटौला | नायव सुब्बा | आठराई-०१, तेह्रथुम | नागरिकता शाखा | ९८६३६४३०१२ Sunilsitaula31@gmail.com |
| ५. | चित्र कुमार भट्टराई | नायव सुब्बा | फेदाप-०३, तेह्रथुम | नागरिकता शाखा | ९८६०२६७५८६ ck20411010@gmail.com |
| ६. | धर्मसुन्दर कार्की | नायव सुब्बा | फेदाप-०३, तेह्रथुम | प्रशासन शाखा | ९८४३९१०७३४ dharmakarki039@gmail.com |
| ७. | श्री कामेश्वर कुमार यादव | कम्प्यूटर अपरेटर | छिन्नमस्ता-०४, सप्तरी | कम्प्यूटर/नागरिकता शाखा | ९८६३९१२३६६ k9officeinfo@gmail.com |
| ८. | श्री गोविन्द लिम्बु | कम्प्यूटर अपरेटर | म्याङलुङ-०१, तेह्रथुम | प्रजिअ सचिवालय | ९८६२१४१३१५ gobinda.sita111@gmail.com |
| ९. | श्री शंखर नेपाल | सह-लेखापाल | बुढिगंगा-०१, मोरङ्ग | आर्थिक प्रशासन शाखा | ९८६९१७००१७ theshankharnepal@gmail.com |
| १०. | श्री कुमार थेगुवा | खरिदार | म्याङलुङ्ग-०५,तेह्रथुम | राहदानी शाखा | ९८६२०४५७४८ bhawanadahal03@gmail.com |

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | नाम | पद | ठेगाना | शाखा | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| ११. | श्री अविनाश पौडेल | खरिदार | महालक्ष्मी-०१, धनकुटा | नागरिकता शाखा | ९८४०९८९६२९ abinashpoudel107@gmail.com |
| १२. | श्री किशोर भण्डारी | विवरण दर्ता अपरेटर | म्याङलुङ-०१, तेह्रथुम | राष्ट्रिय परिचयपत्र शाखा | ९८४२४२६२०९ |
| १३. | श्री उदय प्रकाश चौधरी | ह.स.चा. | खड्ग- न.पा. ४, सप्तरी | | ९८६२०२०२५० |
| १४. | श्री कमला भुजेल | कार्यालय सहयोगी | म्याङलुङ-०१, तेह्रथुम | प्रशासन शाखा | ९८४२४२६२०९ |
| १५. | श्री चित्र बहादुर विष्ट | कार्यालय सहयोगी | म्याङलुङ-०१, तेह्रथुम | प्रशासन शाखा | ९८४२३०२६६८ |
| १६. | श्री विनोद ढुंगाना | कार्यालय सहयोगी | म्याङलुङ-०३, तेह्रथुम | नागरिकता शाखा | ९८४२५४९१०४ |
| १७. | श्री प्रकाश खनाल | कार्यालय सहयोगी | लालिगुराँस-०८, तेह्रथुम | प्र.जि.अ. सचिवालय | ९८६०२६७५२४ |
| १८. | श्री दिलिप लिम्बु | कार्यालय सहयोगी | म्याङलुङ्ग-०८, तेह्रथुम | नागरिकता शाखा | ९७४५२९५३१८ |
| १९. | श्री जमुना ओझा | विवरण दर्ता सहयोगी | म्याङलुङ-०३, तेह्रथुम | राष्ट्रिय परिचयपत्र शाखा | ९८४२५१५६२२ |

३.३ निकायमा रहने कर्मचारी र जिम्मेवार अधिकारीको विवरण

| क्र.सं. | सेवा प्रदान गर्ने शाखा | जिम्मेवार कर्मचारी |
|---|---|---|
| १. | प्रशासन शाखा | प्र.जि.अ./स.प्र.जि.अ./ना.सु. धर्म सुन्दर कार्की |
| २. | नागरिकता शाखा | प्र.जि.अ./स.प्र.जि.अ./ना.सु. सुनिल सिटौला |
| ३. | राहदानी शाखा | प्र.जि.अ./स.प्र.जि.अ./खरिदार कुमार थेगुवा |
| ४. | मुद्दा/विपद् व्यवस्थापन/जिन्सी शाखा | प्र.जि.अ./स.प्र.जि.अ./ना.सु. राम प्रसाद भट्टराई |
| ५. | आर्थिक प्रशासन शाखा | प्र.जि.अ./सह-लेखापाल शंखर नेपाल |
| ६. | कम्प्युटर शाखा | प्र.जि.अ./स.प्र.जि.अ./क.अ. कामेश्वर कुमार यादव |

## ४. प्रदान गरिने सेवा तथा कार्यहरु

### क. स्थानीय प्रशासन सम्बन्धी सेवा

- नामथर, उमेर, वैवाहिक स्थिति प्रमाणित।
- नाबालक परिचयपत्र सम्बन्धी कार्य।
- पेन्सन र रहलपहल सिफारिस।
- पारिवारिक विवरण/नाता प्रमाणित।
- दलित, आदिवासी तथा जनजाती प्रमाणित।

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

- ✧ पत्रपत्रिका तथा छापाखाना दर्ता।
- ✧ सहज आपूर्ती व्यवस्थापन सुनिश्चित गर्नका लागि बजार अनुगमन र नियमन।
- ✧ सरकारी/सार्वजनिक सम्पत्ति संरक्षण।

## ख. नागरिकता सम्बन्धी सेवा

- ✧ वंशज/वैवाहिक अंगीकृत/गैर आवासीय नेपाली आधारमा नेपाली नागरिकताको प्रमाणपत्र वितरण।
- ✧ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वितरण।
- ✧ नेपाली नागरिकताको प्रमाणपत्रमा विभिन्न संशोधनहरू।
- ✧ नेपाली नागरिकताको प्रमाणपत्रको अभिलेख प्रमाणित।

## ग. राहदानी सम्बन्धी सेवा

- ✧ राहदानी फारम संकलन।
- ✧ राहदानी Enrollment।
- ✧ राहदानी वितरण।
- ✧ राहदानीको विवरण संशोधन।
- ✧ राहदानीको अभिलेख प्रमाणित।

## घ. मुद्दा तथा उजुरी गुनासो/सुनुवाई सम्बन्धी सेवा

- ✧ मुलुकी अपराध संहिता २०७४ तथा अन्य विषयगत ऐन अनुसार प्राप्त अधिकार बमोजिम कारबाही र किनारा गर्ने।
- ✧ गुनासो तथा ठाडो उजुरी सम्बन्धी आवश्यक कार्य गर्ने।

## ङ. हातहतियार ईजाजत तथा नवीकरण सम्बन्धी सेवा

- ✧ हातहतियार नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण सम्बन्धी कार्य।

## च. संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा

- ✧ संस्था दर्ता ऐन, २०३४ बमोजिम संस्था दर्ता, नवीकरण।
- ✧ संस्थाको विधान संशोधन।
- ✧ जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृती।

## छ. विपद् व्यवस्थापन सम्बन्धी सेवा

- ✧ विपद् व्यवस्थापन सेवा प्रवाहसँग सम्बन्धी देहायका कार्ययोजना निर्माण गरी सचेतनामूलक कार्यक्रम सहित कार्यान्वयन गर्ने गरिएको:
    - मनसुन, आगलागी, चट्याङ्ग, आँधी प्रतिकार्य आपतकालीन कार्ययोजना, २०८३/८४
    - जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना (DPRP), २०८२/०८३
    - सबै स्थानीय तह समेटिने गरी उपलब्ध उपकरण सहितको QRT/IRTको परिचालन योजना, २०८३/०८४
    - राजमार्गमा हुने अवरोध हटाउन/व्यवस्थापन गर्न आवश्यक संभाव्य औजार/उपकरणहरुको परिचालन सम्बन्धी कार्ययोजना, २०८३/०८४
    - डढेलो तथा आगलागी पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२/८३
- ✧ स्थानीय तहमा विपद् व्यवस्थापन समितिको गठन।

बल्दवा राई
प्रमुख जिल्ला अधिकारी

- ✧ मौसम सम्बन्धी जानकारी कार्यालयको वेबसाईट मार्फत सूचना प्रदान।
- ✧ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा तथा परिमार्जन गर्ने।
- ✧ विपद् जोखिम न्यूनीकरण र पूर्व सूचना प्रणालीको विकास गर्ने।
- ✧ जोखिममा रहेका बस्तीको स्थानान्तरण गर्ने/गराउने।
- ✧ विपद् जोखिम न्यूनीकरण प्रतिकार्य तथा पुनर्लाभ कार्यलाई प्रभावकारी बनाउने।
- ✧ खोज तथा उद्दार र राहतको लागि स्वयंसेवक समूह गठन गर्ने।
- ✧ जिल्लामा विपद् व्यवस्थापनमा जिम्मेवार निकायहरूको बीचमा प्रभावकारी समन्वय संयन्त्र स्थापित गर्ने एवं भूमिका स्पष्ट गर्ने।
- ✧ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने/गराउने।
- ✧ विपद प्रतिकार्यका लागि आवश्यक सामाग्रीहरु सहित DEOC को सुदृढीकरण गरिएको । छुट्टै भण्डारण कक्ष निर्माण गरिएको ।
- ✧ विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारको निर्णय एवं निर्देशन र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम आवश्यकता अनुसार कार्य गर्ने।

## ज. अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धी सेवा

- ✧ अख्तियार दुरुपयोग सम्बन्धमा आयोगबाट लेखी आए बमोजिम उजुरी एवं निवेदनहरू उपर प्रारम्भिक छानविन गरी आवश्यक कारवाही तथा राय सहितको प्रतिवेदन पठाउने।

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

## ५. सम्पादन गरेको कामको विवरण

| क.सं. | सम्पादित प्रमुख कार्यहरू | त्रैमासिक उपलब्धि | कैफियत |
|---|---|---|---|
| १. | नागरिकताः | | |
| | क. वंशज | ६६५ | |
| | ख. वैवाहिक अंगीकृत | - | |
| | ग. गैर आवासीय | - | |
| | घ. प्रतिलिपी नागरिकता वितरण | ५८९ | |
| २. | नाबालक परिचयपत्र वितरण | २३ | |
| ३. | राष्ट्रिय परिचयपत्र दर्ता | १४६९ | |
| | राष्ट्रिय परिचयपत्र वितरण | ५७९ | |
| ४. | राहदानी Enrollment | ४२२ | |
| | राहदानी वितरण | ४३६ | |
| ५. | मुद्दा दर्ता संख्या | ५ | |
| | मुद्दा फछ्र्यौट संख्या | ५ | |
| ६. | जनजाति/दलित सिफारिस | ६१ | |
| ७. | अन्य सिफारिस | ३६ | |
| ८. | पेन्सन सम्बन्धी सिफारिस | २१ | |
| ९. | संघसंस्था दर्ता/नवीकरण | २/१२ | |
| १०. | ठाडो उजुरी | ४ | |
| ११. | बजार अनुगमन | ५ | |
| १२. | बैठकः | | |
| | क. सर्वपक्षिय बैठक | ६ | |
| | ख. कार्यालय प्रमुख बैठक | ३ | |
| | ग. शान्ति सुरक्षा बैठक | ९ | |
| | घ. अन्य बैठक | ३० | |
| | जम्मा | ४८ | |
| १३. | आर्थिक प्रशासन सम्बन्धी विवरणः | | |
| | क. धरौटी | २७,९८,३६०।६६।- | |
| | ख. चालु खर्च | ४५,३४,९१५।०४।- | |
| | ग. पूंजीगत खर्च | ५,२५,१०९।- | |
| | घ. अस्थायी आवस निर्माण अनुदान | - | |

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

| क्र.सं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र वितरण | रु. १०/- टिकट | प्रक्रिया पुगेकै दिन | |
| २. | नागरिकताको प्रतिलिपी वितरण | रु. १३/- टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३. | वैवाहिक अंगिकृत नागरिकताको प्रमाणपत्र वितरण | रु. १०/- टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४. | राहदानी Enrollment | रु. २,५००/- (नाबालक), रु. ५,००० (नयाँ, नवीकरण), रु. १०,०००/- (हराएको, च्यातिएको, केरमेट भएको) | प्रक्रिया पुगेकै दिन | |
| ५. | अभिलेख प्रमाणित | - | प्रक्रिया पुगेकै दिन | |
| ६. | राहदानी विवरण | - | प्रक्रिया पुगेकै दिन | |
| ७. | गुनासो वा ठाडो उजुरी | रु. १०/- टिकट | प्रक्रिया पुगेकै दिन दर्ता गरी आवश्यक कारबाही अघि बढाइने। | |
| ८. | नाम, थर, उमेर प्रमाणित | रु. १०/- टिकट | प्रक्रिया पुगेकै दिन | |
| ९. | नाबालक परिचयपत्र | रु. १०/- टिकट | प्रक्रिया पुगेकै दिन | |
| १०. | पारिवारिक पेन्सन र रहलपहल सम्बन्धी सिफारिस | रु. १०/- टिकट | प्रक्रिया पुगेकै दिन | |
| ११. | संस्था दर्ता | रु १,०००/- | प्रक्रिया पुगेकै दिन | |
| १२. | संस्था नवीकरण | रु. ५००/- (तोकिएको समयावधिभित्र नवीकरण नभए जरिवाना समेत लाग्ने) | प्रक्रिया पुगेकै दिन | |
| १३. | संस्थाको विधान संशोधन | रु. १०/- टिकट | प्रक्रिया पुगेकै दिन | |
| १४. | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृती | रु. १०/- टिकट | प्रक्रिया पुगेकै दिन | |
| १५. | दलित, आदिवासी/जनजाती सिफारिस | रु. १०/- टिकट | प्रक्रिया पुगेकै दिन | |
| १६. | पत्रपत्रिका दर्ता | रु. १,०००/- (दैनिक),रु. ५००/- (साप्ताहिक),रु. ३००/- (पाक्षिक) | प्रक्रिया पुगेकै दिन | |
| १७. | छापाखाना दर्ता | मासिक रु २००/- | प्रक्रिया पुगेकै दिन | |
| १८. | हातहतियार नामसारी | रु. १,०००/- | प्रक्रिया पुगेकै दिन | |

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

| क्र.सं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १९. | जिल्ला भित्रको हातहतियार नवीकरण | रु. १,५००/- | प्रक्रिया पुगेकै दिन | |
| २०. | नेपालभरीको हातहतियार नवीकरण | रु. ३,०००/- | प्रक्रिया पुगेकै दिन | |
| २१. | नामथर, जन्ममिति संशोधन | रु. १०/- टिकट | प्रक्रिया पुगेकै दिन | |
| २२. | नाता प्रमाणित | रु. १०/- टिकट | प्रक्रिया पुगेकै दिन | |
| २३. | सार्वजनिक अपराध सम्बन्धी मुद्दा | रु. १०/- टिकट | प्रक्रिया पुगेकै दिन | |
| २४. | अख्तियार दुरुपयोग सम्बन्धी मुद्दा | रु. १०/- टिकट | यथाशिघ्र | |
| २५. | अन्य मुद्दा | रु. १०/- टिकट | यथाशिघ्र | |
| २६. | विष्फोटक पदार्थ ईजाजत पत्र | - | यथाशिघ्र | |
| २७. | विष्फोटक पदार्थ ईजाजत पत्र नवीकरण | रु. ५०/- | प्रक्रिया पुगेकै दिन | |

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

क. निर्णय गर्ने प्रक्रियाः

सरकारी निर्णय प्रक्रिया सरलीकरण र निर्देशिका, २०६५ एवं सूचनाको हक सम्बन्धी ऐन, २०६४ लगायत प्रचलित कानून बमोजिम।

ख. निर्णय गर्ने अधिकारीः

- ❖ प्रमुख जिल्ला अधिकारी।
- ❖ सहायक प्रमुख जिल्ला अधिकारीः प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम।

ग. निर्णय उपर उजुरी सुन्ने अधिकारीः प्रचलित कानून बमोजिम

घ. कार्यालय प्रमुखः

- ❖ नामः श्री बन्दना राई
- ❖ पदः प्रमुख जिल्ला अधिकारी
- ❖ सम्पर्क नं. ९८५२०९७७७७
- ❖ ईमेलः daotehrathum@gmail.com

ङ. सूचना अधिकारीः

- ❖ नामः श्री बालकृष्ण लिम्बु
- ❖ पदः सहायक प्रमुख जिल्ला अधिकारी
- ❖ सम्पर्क नं. ९८५२०६९६६६
- ❖ ईमेलः acdotehrathum@gmail.com

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

## ८. जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धित ऐन, कानून तथा प्रमुख जिल्ला अधिकारीको भूमिकाः

| क्र.सं. | ऐन/नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| १. | अध्यागमन ऐन, २०४९ | - अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने। |
| २. | अध्यागमन नियमावली, २०५२ | - अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने। |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ | - अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने। |
| ४. | उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७ | - प्रमुख जिल्ला अधिकारीले उमेर, नाम र जात सच्याउने सम्बन्धमा फैसला गर्ने।<br>- नागरिकतामा र शैक्षिक प्रमाणपत्रमा उमेर, नाम र जात फरक परेमा सच्याउने फैसला गरी परीक्षा नियन्त्रकलाई फैसलाको नक्कल सहित पठाउने।<br>- उमेर, नाम र जात फरक परेमा सच्याउने सम्बन्धमा आवश्यक भएमा साक्षीहरू उपस्थित गराई जारी गर्ने।<br>- लिखतहरू पेश गराउने, प्रमाण र सर्जमिनहरू बुझ्न प्रमुख जिल्ला अधिकारीलाई नेपाल सरकारको कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार हुनेछ। |
| ५. | उपभोक्ता संरक्षण ऐन, २०७५ | - अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने। |
| ६. | कारागार ऐन, २०७९ | - जिल्ला कारागारको प्रशासन एवं सो सम्बन्धी अन्य सबै व्यवस्थाको सामान्य रेखदेख गर्ने कर्तव्य सम्बन्धित प्रमुख जिल्ला अधिकारीको हुने।<br>- प्रमुख जिल्ला अधिकारीले ६ महिनामा एक पटक र आवश्यक देखेमा जहिलेसुकै कारागारको जाँच गराउनु पर्ने।<br>- कारागारका कर्मचारीले आफ्नो कर्तव्य पालन नगरेमा तीन महिनासम्म कैद वा दुई सय रुपैयाँसम्म जरिवाना वा दुवै गर्न मुद्दा मामिला हेरी किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीमा रहने। |
| ७. | कारागार नियमावली, २०२० (संशोधन सहित) | - बदमासी गरे वापत गोलघरमा राखिने कैदीको जनाउ जेलरले प्रमुख जिल्ला अधिकारीलाई तुरुन्तै गराउने।<br>- नेपाल सरकारले सूचना गरेको उत्सवमा थुनुवा वा कैदी छोड्नु परेमा कारागार कार्यालयले ठेकुवा लगत बमोजिमका थुनुवा वा कैदीको कैद भुक्तानी कटाई बाँकी कैद देखाइएको लगत सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नुपर्ने।<br>- छुटकारा पाएका कैदी वा थुनुवाहरू मध्ये धेरै टाढाको घरसम्म पुग्न खर्च नहुने व्यक्तलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट निकासा भए बमोजिम आवश्यक बाटो खर्च दिइनेछ। |

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | ऐन/नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | | - कैदीबन्दीहरूलाई नियमानुसार दिइने लुगाको निमित्त कपडाको किसिम र नमूना प्रमुख जिल्ला अधिकारीले पास गरिदिए बमोजिम तयार गरी दिइनेछ।<br>- कारागार कैदी वा थुनुवालाई आए गएको चिठ्ठीपत्र जेलरले सेन्सर गर्दा देशलाई हानिकारक प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमका संकेत, चिन्ह र सार्वजनिक हित बाहेक कुनै संगठन गर्ने विचार दर्शाएको चिठी पत्रपत्रिका जफत गरी कारबाहीको निमित्त सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नुपर्ने।<br>- कैदको सजाय छोट्याउन जेलरले पेश गरेको रायमाथि विचार गरी उपयुक्त देखेमा प्रमुख जिल्ला अधिकारीले आफ्नो रायसहित कारागार व्यवस्थापन विभागमा पठाउनुपर्नेछ।<br>- कारागारमा रहेका कैदी वा थुनुवाहरूलाई असल मनोवृत्ति तर्फ उन्मुख गराउने किसिमको प्रशिक्षण योग्य व्यक्तिहरूबाट गराइनेछ। प्रशिक्षकलाई पारिश्रमिकको रूपमा एक पटकमा एक सय रूपैयाँसम्म दिइनेछ। जेलरले प्रशिक्षण दिने व्यक्ति तथा प्रशिक्षणको विषयको बारेमा प्रमुख जिल्ला अधिकारीको निकासा लिनुपर्ने।<br>- कैदी वा थुनुवालाई सरुवा गर्दा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले आपसमा परामर्श गरी आवश्यक व्यवस्था मिलाउने। |
| ८. | कालोबजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | - कालोबजार तथा केही सामाजिक अपराध सम्बन्धी मुनासिब माफिकको उजुर परेमा वा विश्वासिलो भरपर्दो सूचना प्राप्त भएमा वारेण्ट जारी गर्ने। |
| ९. | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार ऐन, २०७१ | - कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धी उजुरीको सुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको हुनेछ। प्रमुख जिल्ला अधिकारी विरुद्धको उजुरी कारबाही र किनारा गर्ने अधिकारी सम्बन्धित प्रदेशको प्रमुख सचिवलाई हुनेछ। |
| १०. | खाद्य ऐन, २०२३ | - दूषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन तथा विक्री वितरण गर्ने र झुक्यानमा पारी खाद्य पदार्थ विक्री वितरण गरेको कसुर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ। |
| ११. | खाद्य नियमावली, २०२७ | - उत्पादित खाद्य पदार्थ ऐनको दफा बमोजिम निर्धारित गुणस्तर वा मात्राको नभएमा सो शर्त अनुसारको व्यवस्था र गुणस्तरको सुधार नगरेसम्मको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सिफारिसमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले त्यस्तो खाद्य उद्योगको उत्पादनमा रोक लगाउन सक्नेछ। |

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| क्र.सं. | ऐन/नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | | - कुनै खाद्य पदार्थ दूषित वा न्यूनस्तरको हो भन्ने शंका लागेमा त्यस्तो खाद्य पदार्थ सिलबन्दी गरी सो खाद्य पदार्थका धनीलाई नै जिम्मा लगाइ भरपाई लिई रोक्का राख्न सक्ने। |
| १२. | छापाखाना र प्रकाशन ऐन, २०४८ | - छापाखाना दर्ता गर्ने।<br>- पत्रपत्रिका दर्ता गर्ने।<br>- प्रमाणपत्र नलिई छापाखाना सञ्चालन गरेमा, झुठा विवरण दिएमा, किताब नबुझाएमा, अनाधिकृत रूपमा प्रकाशन अनुवाद गरेमा, विदेशी प्रकाशन पैठारी गरेमा, प्रेस प्रतिनिधिको प्रमाणपत्र नलिई काम गरेमा जरिवाना गर्ने। |
| १३. | जलस्रोत ऐन, २०४९ | - जिल्लामा जलस्रोत समितिको अध्यक्षको रूपमा रहने। |
| १४. | जलस्रोत नियमावली, २०५० | |
| १५. | जग्गा प्राप्ति ऐन, २०३४ | - मुआब्जाको किसिम र सो निर्धारण गर्ने समितिको अध्यक्षको रूपमा रहने।<br>- जग्गा प्राप्तिको सूचना जारी गर्ने।<br>- जग्गालाई कब्जामा लिई जुन कार्यालय वा संस्थाको निमित्त जग्गा प्राप्त गरिएको हो सो कार्यालय वा संस्थालाई दिन सक्नेछ र तत्पश्चात सो जग्गालाई सम्बन्धित कामको निमित्त उपयोगमा ल्याउन सकिनेछ। यसरी जग्गा कब्जामा लिएपछि स्थानीय अधिकारीले सो कुराको सूचना नेपाल सरकारलाई दिनुपर्नेछ।<br>- मुआब्जा पाउनेको नामावली प्रकाशन गर्ने।<br>- नेपाल सरकार वा संस्थाको स्वामित्वमा आएको जग्गा नेपाल सरकारको लागि प्राप्त गरिएकोमा नामसारी र मालपोतको लगत कट्टा गर्ने।<br>- विशेष परिस्थितिमा जग्गा प्राप्त गर्न सक्ने विशेष अधिकार।<br>- नेपाल सरकारले जग्गा प्राप्त नगर्ने निर्णय गर्ने।<br>- क्षतिपूर्ती वा मुआब्जा लिनको लागि तोकिएको म्यादभित्र सरोकारवाला व्यक्तिले सो रकम लिन नआएमा वा लिन मञ्जुर नगरेमा त्यस्तो क्षतिपूर्ति वा मुआब्जाको रकम बुझ्नको लागि तीन महिनाको अन्तिम म्याद दिई सूचना प्रकाशित गर्ने। सो म्यादभित्र पनि लिन नआउने सरोकारवाला व्यक्तिले त्यस्तो क्षतिपूर्ति वा मुआब्जा पाउने छैन र सो क्षतिपूर्ति वा मुआब्जा सञ्चित कोषमा दाखिला गरिनेछ।<br>- ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दाको सुरू कारबाही र नोक्सानी वापत क्षतिपूर्ति दिइने। |

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | ऐन/नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| १६. | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ | - ऐनको दफा ४१ को उपदफा १ को (छ),(ज),(झ)र (ञ)बमोजिमका मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ। |
| १७. | नेपाल नागरिकता ऐन, २०६३ | - नेपाली नागरिकता जारी गर्ने अधिकारीको रूपमा कार्य गर्ने। प्रमुख जिल्ला अधिकारीले आफूलाई प्राप्त अधिकारमध्ये वंशजको नाताले र जन्मको आधारमा नागरिकता प्रदान गर्ने अधिकार आफ्नो मातहतको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्ने।<br>- कसैले झुठो विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा जिल्ला प्रशासन कार्यालय वा ईलाका प्रशासन/सिमा प्रशासन कार्यालय सम्बन्धित प्रमुख जिल्ला अधिकारीले नागरिकता रद्द गर्ने।<br>- नेपाली नागरिकता त्याग भएमा अभिलेख व्यवस्थापन गर्ने। |
| १८. | पशु वधशाला र मासु जाँच ऐन, २०५५ | - यस ऐन अन्तर्गतको कसुर सम्बन्धी मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्ने। |
| १९. | पशु वधशाला र मासु जाँच नियमावली, २०५७ | |
| २०. | पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ | - यस ऐन अन्तर्गतका कसुरजन्य कार्यहरूको मुद्दा हेर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको हुनेछ। |
| २१. | पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ | |
| २२. | प्राचीन स्मारक संरक्षण ऐन, २०१३ | - प्रमुख जिल्ला अधिकारीले आफ्नो ईलाकामा रहेको पुरातात्त्विक वस्तुहरूको विवरण पुरातत्त्व विभागलाई दिनुपर्ने।<br>- पुरातत्त्व विभागले दिएको आदेश नमानी निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गरेको घर वा भवनलाई नगर योजना स्वीकृत भएको ठाउँमा नगरविकास योजना कार्यान्वयन समिति र नगरयोजना स्वीकृत नभएको ठाउँमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले पैंतीस दिनको म्याद दिई भत्काउने आदेश दिन सक्नेछ।<br>- कुनै व्यक्ति वा संस्थाले नियमानुसार स्विकृति लिई उत्खनन् गर्दा पुरातात्त्विक महत्त्वका कुनै वस्तु वा स्मारक भेटिन आएमा त्यसको सूचना अठ्चालिस घण्टाभित्र पुरातत्त्व विभाग वा प्रमुख जिल्ला अधिकारीलाई दिनुपर्नेछ र प्रमुख जिल्ला अधिकारीले तत्कालै पुरातत्त्व विभागलाई उक्त कुराको जानकारी दिनुपर्नेछ।<br>- पुरातत्त्व विभागमा प्राप्त हुन आएको प्राचिन स्मारक वा पुरातात्त्विक वस्तु सम्बन्धित धनि वा गुठियारहरूले प्रतिस्थापन गर्न वा यथास्थानमै |

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | ऐन/नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | | राख्न फिर्ता पाउँ भनी परेको निवदेन उपर फिर्ताका लागि वास्तविकताका आधारमा पुरातत्त्व विभागमा सिफारिस गर्ने।<br>- जुनसुकै अड्डा अदालतले अन्य प्रचलित नेपाल कानून बमोजिम गर्दा/गराउँदा प्राचीन स्मारक वा पुरातात्त्विक वस्तुको हकमा भने मालधनी जोसुकै भएतापनि त्यस्तो वस्तु नेपाल सरकारको पुरातत्त्व विभाग वा उक्त विभागले तोकिदिएको ठाउँमा पठाउनका लागि प्रमुख जिल्ला अधिकारीकहाँ पठाउनु पर्छ र सो वस्तु मालधनीलाई दिने वा लिलाम गरिने समेत कुनै कारबाही गर्नुपर्दैन। यसरी उल्लेख भएको वस्तुको विगोको हकमा प्रमुख जिल्ला अधिकारीद्वारा पञ्चकिर्ती मोल कायम गरी लिई प्रचलित कानून बमोजिम दिलाउने भराउने गर्नुपर्छ।<br>- प्रमुख जिल्ला अधिकारीले प्रत्येक वर्ष आषाढ मसान्तभित्र आफ्नो जिल्लाभित्र रहेका पुरातात्त्विक वस्तुहरूको विवरण नियमावलीमा तोकिए बमोजिम भरी सम्भव भएसम्म त्यस्तो वस्तुको फोटो समेत मुख्य पुरातत्त्व अधिकृतसमक्ष पठाउनु पर्नेछ।<br>- प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्र कुनै पुरातात्त्विक वस्तु फेला परेको जानकारी पाएमा त्यसरी जानकारी पाएको मितिले पैंतीस दिनभित्र सो वस्तुको सम्पूर्ण विवरण नियमावलीमा तोकिए बमोजिमको फाराममा भरी सम्भव भएसम्म त्यस्तो वस्तुको फोटो समेत मुख्य पुरातत्त्व अधिकृत समक्ष पठाउनु पर्नेछ। |
| २३. | प्रहरी ऐन, २०१२<br>(संशोधन सहित) | - जिल्लास्तरिय प्रहरी कर्मचारीहरू शान्ति सुरक्षा र सो सम्बन्धी प्रशासनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रहने छन् सो सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको आदेश तथा निर्देशनको पालना गर्नु प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ। कानून बमोजिम प्रमुख जिल्ला अधिकारीले गर्नुपर्ने अन्य काममा निजलाई सहयोग गर्नु जिल्ला प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ।<br>- वारेण्ट इत्यादी जारी गर्ने प्रमुख जिल्ला अधिकारीको अधिकार हुनेछ।<br>- सार्वजनिक बाटो, सडक वा आवतजावत हुने स्थानमा सभा गर्ने वा जुलुस निकाल्ने सम्बन्धमा जनसाधारणलाई असुविधा पर्ने वा शान्ति भंग हुने स्थिति उत्पन्न नहोस् भन्ने उद्देश्यले प्रमुख जिल्ला अधिकारी वा निजबाट त्यस कामका निम्ति अख्तियार पाएका प्रहरी अधिकृतले सभा वा जुलुसका निम्ति ठाउँ, बाटो र समय तोक्न सक्नेछ।<br>- प्रमुख जिल्ला अधिकारीले वेवारिसे सम्पत्ति रोक्का गरी सो रोक्का भएको धनमालको फाँटवारी खोली ६ महिनाभित्र आफ्नो हक दावीको सबुत समेत लिई दावी गर्न आउनु भन्ने सूचना जारी गर्न सक्नेछ। |

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | ऐन/नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | | - वेवारिसे सम्पत्तिको जिम्मा लिने र त्यसको तायदाती खडा गरी प्रमुख जिल्ला अधिकारीसमक्ष पेश गर्ने प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुन्छ।<br>- प्रमुख जिल्ला अधिकारीले सो डायरी झिकाई जाँच्न सक्नेछ। |
| २४. | प्रहरी नियमावली, २०७१ | - प्रहरीको अनुशासन, आन्तरिक व्यवस्था र अपराध अनुसन्धानको कुरामा बाहेक जिल्लाका सम्पूर्ण प्रहरीहरू प्रमुख जिल्ला अधिकारीको सामान्य रेखदेख र नियन्त्रणमा रहनेछन्।<br>- जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी परिसरको प्रमुखले जिल्ला छोड्दा त्यसको पूर्व सूचना प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ।<br>- महानगरीय प्रहरी परिसर प्रमुख र जिल्ला प्रहरी प्रमुखको का.स.मु. मा सुपरीवेक्षकको भूमिका निर्वाह गर्ने।<br>- आफूसमक्ष पेश भएको कार्यसम्पादन फारम मूल्याङ्कन गरी श्रावण मसान्तसम्ममा एकप्रति मन्त्रालय र एक प्रति प्रहरी प्रधान कार्यालयमा सिलबन्दी रुपमा राख्नु पर्नेछ।<br>- प्रमुख जिल्ला अधिकारीले वर्षको कम्तीमा एक पटक जिल्ला प्रहरी कार्यालय र प्रहरी प्रभागको निरीक्षण गर्नुपर्नेछ।<br>- प्रत्येक ईलाका प्रहरी कार्यालय, प्रहरी वृत्त, प्रहरी प्रभाग र प्रहरी चौकीमा रहेको डायरी तथा प्रहरी सम्बन्धी गोप्य प्रतिवेदन सहित अन्य अपराध सम्बन्धी सारांश प्रतिवेदन हेरी आफ्नो प्रतिक्रिया सहितको सूचना तुरुन्त जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी कार्यालय तथा महानगरीय प्रहरी कार्यालयहरूको निरीक्षण गरे वा नगरेको सम्बन्धमा समेत निरीक्षण गर्नुपर्नेछ।<br>- सीमावर्ती ईलाकामा घट्ने अपराध नियन्त्रण गर्न र तत्सम्बन्धी अनुसन्धान गर्ने काममा स्थानीय प्रहरी कार्यालय प्रमुखले पारस्पारिक सहयोग पुऱ्याउने सिलसिलामा छिमेकी मित्र राष्ट्रका सीमावर्ती ईलाकामा रहेका प्रहरी कार्यालयका समानस्तरका प्रहरी अधिकृतसँग आवश्यकता अनुसार छलफल गर्नुपरेमा वा सोको लागि सम्बन्धित मित्र राष्ट्रमा जानुपरेमा प्रमुख जिल्ला अधिकारीलाई समेत जानकारी गराउनु पर्नेछ।<br>- कर्तव्य पालनाको सिलसिलामा खटिएको वा खटिने क्रममा बाटोमा आउँदा, जाँदा वा अन्य कार्य गर्दा बाटोबाट वा कार्यस्थलबाट अपहरणमा परी हत्या भएको भरपर्दो सूचना प्राप्त भएको तर लास फेला पार्न नसकेको अवस्थामा सम्बन्धित प्रमुख जिल्ला अधिकारी सम्बन्धित प्रहरी कार्यालयको प्रमुखको संयुक्त प्रतिवदेनको आधारमा हत्या गरिएको प्रहरी कर्मचारीको परिवारलाई नियम अनुसारको सुविधा दिइनेछ। |



बन्दना राई
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

| क्र.सं. | ऐन/नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | | - सुरक्षा प्रतिकुल क्रियाकलाप, खराब चरित्र भएका व्यक्ति, सशंकित व्यक्ति तथा गतिविधिहरूको बारेमा प्रमुख जिल्ला अधिकारीलाई प्रतिवेदन गर्नुपर्नेछ। |
| २५. | भ्रष्टाचार निवारण ऐन, २०५९ | - |
| २६. | मुलुकी अपराध संहिता, २०७४ | - |
| २७. | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ | - मुलुकी अपराध संहिता, २०७४ अनुसार प्रमुख जिल्ला अधिकारीले हेर्ने मुद्दाको फछ्र्यौटको लागि मुलुकी फौजदारी कार्यविधि अनुसार कार्यान्वयन गर्ने। |
| २८. | मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ | |
| २९. | यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ | - पीडित व्यक्तिलाई क्षतिपूर्ति दिने सम्बन्धमा अन्तिम निर्णय भएपछि त्यस्तो निर्णयको सूचना पाएको मितिले एक वर्षभित्र पीडित व्यक्ति वा निजको मृत्यु भएकोमा निजको नजिकको हकवालाले क्षतिपूर्तिको रकम पाउन पीडित व्यक्ति थुनामा रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष क्षतिपूर्ति दिने सम्बन्धमा जिल्ला अदालतबाट भएको निर्णयको प्रतिलिपी सहित निवेदन प्राप्त भएको मितिले पैंतिस दिनभित्र प्रमुख जिल्ला अधिकारीले निवेदकलाई क्षतिपूर्तिको रकम दिनुपर्नेछ। |
| ३०. | राज्य विरुद्ध अपराध र सजाय ऐन, २०४६ | - अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने। |
| ३१. | राहदानी ऐन, २०२४ | - अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने। |
| ३२. | राहदानी नियमावली, २०६७ | |
| ३३. | राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ | - अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने। |
| ३४. | लागु औषध (नियन्त्रण) ऐन, २०३३ | - अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने। |
| ३५. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ | - जिल्ला विपद् व्यवस्थापन समितिको अध्यक्षको रूपमा कार्य गर्ने। |
| ३६. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ | - विपद् प्रतिकार्यको लागि प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा उपलब्ध जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार सुरक्षा निकायलाई हुनेछ।<br>- नेपाल सरकार, प्राधिकरण, प्रदेश सरकार स्थानीय तह र प्रमुख जिल्ला अधिकारीको आदेश अनुसार आफ्ना बाहन लगायत अन्य |



बन्दना राई
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | ऐन/नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | | संरचना आपतकालीन प्रयोजनका लागि आवश्यक परेमा उपलब्ध गराउने।<br>- यस ऐन अन्तर्गतको कुनै कसुरजन्य कार्य गरेमा मुद्दाको कारबाही र किनारा लगाउने कार्य प्रमुख जिल्ला अधिकारीले गर्नेछ। |
| ३७. | विभूषण ऐन, २०६४ | - जिल्लास्तरबाट गरिने विभूषण सिफारिस लगायतका कार्यहरु लगायत अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने। |
| ३८. | विभूषण नियमावली, २०६५ | |
| ३९. | विष्फोटक पदार्थ ऐन, २०१८ | - विष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, विक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने काममा नियन्त्रण गर्ने अधिकार।<br>- प्रमुख जिल्ला अधिकारी वा निजले खटाएको कुनै राजपत्राङ्कित वा घटीमा प्रहरी नायब निरीक्षक दर्जाका प्रहरी कर्मचारीले ईजाजतपत्र अन्तर्गत कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, विक्री गर्ने परिवहन गर्ने वा पैठारी गर्ने काम भइरहकों कुनै ठाउँ वा बोझ बाहकमा गई निरीक्षण र जाँचबुझ गर्न र त्यहाँ रहेको कुनै विष्फोटक पदार्थको नमूना मूल्य तिरी लिन सक्नेछ।<br>- नेपाली सेनाको नियन्त्रणमा रहेको कुनै ठाउँ वा बोझ बाहकमा वा त्यसको आसपासमा दफा ८ मा लेखिए बमोजिमको कुनै दुर्घटनाको कारणको जाँचबुझ गर्नुपर्छ र सो बाहेक अन्यत्र त्यस्तो कुनै दुर्घटना भएमा प्रमुख जिल्ला अधिकारीले सो दुर्घटनाको कारणको जाँचबुझ गर्नुपर्दछ। |
| ४०. | विष्फोटक पदार्थ नियमावली, २०२० | - विष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, विक्री गर्ने परिवहन गर्ने र पैठारी गर्ने काममा नियन्त्रण निरीक्षण गर्ने, खोजतलासी गर्ने, कब्जा गर्ने, रोक्का गर्ने र हटाउने अधिकार तथा गिरफ्तार गर्ने अधिकार। |
| ४१. | स्थानीय प्रशासन ऐन, २०२८ | - जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने र सो कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम समेत गर्ने गरी प्रत्येक जिल्लामा एकजना प्रमुख जिल्ला अधिकारी रहने।<br>- जिल्ला सुरक्षा समितिको अध्यक्षको भूमिका निर्वाह गर्ने।<br>- कर्फ्यु लगाउन सक्ने दङ्गाग्रस्त क्षेत्र घोषित गर्न सक्ने।<br>- जिल्लास्तरका कार्यालयहरूमाथि रेखदेख, नियन्त्रण र निर्देशन दिने।<br>- जिल्लामा शान्ति, सुव्यवस्था र सुरक्षा कायम राख्ने, स्थानीय सरकारले सञ्चालन गरेका विकास कार्यहरूमा सहयोग पुऱ्याउने, जिल्लाभित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने/गराउने दायित्व। |

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

| क.सं. | ऐन/नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | | - जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कामको लागि जिल्ला प्रहरी कार्यालयको प्रमुख, ईलाका प्रहरी कार्यालय र अधिकृत जवानहरुले कानून बमोजिम काम कारबाही गरे नगरेको भन्ने कुराको आवश्यक जाँचबुझ गर्ने।<br>- मुद्दा मामिला र पुनरावेदन सम्बन्धी अधिकार।<br>- अम्मल खाई सार्वजनिक स्थानमा बसेर लापरबाही साथ बोलि हिँड्ने वा जथाभावी गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पक्रन लगाई अम्मलले नछाडेसम्म थुन्न सक्नेछ र अम्मलले छोडेपछी निजलाई मौखिक नसिहत दिन र फेरि पनि सोही कसुर गरेमा निजलाई पटकैपिच्छे बढीमा एक हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।<br>- वेवारिसे मालसामान फेला परेमा प्रमुख जिल्ला अधिकारीले जाँचबुझ गर्दा नेपाल सरकारलाई कुनै रकम तिर्नुपर्ने ठहरिएको व्यक्तिको मालसामान भएमा सो कार्यान्वयन गर्न चाहिने जति मालसामान विक्री गरी सरकारी कोषमा दाखिला गर्नुपर्नेछ।<br>- प्रमुख जिल्ला अधिकारीले बाघ, चितुवा वा अन्य हिंस्रक जनावरले आफ्ना जिल्लाभित्रका कुनै ठाउँमा दुःख दिएको कुरा नगरपालिका वा गाउँपालिकाले प्रतिवेदन गरेमा सो जनावरलाई मार्न लगाई छाला एवं शरीरका अन्य भाग सम्बन्धित वन कार्यालयमा बुझाईदिन वा वन तथा भू-संरक्षण मन्त्रालयले निर्देशन दिए बमोजिम गर्नुपर्दछ।<br>- कसैले कुनै मालसामान बिक्री गर्दा अनुचित नाफा खाई नाजायज फाइदा उठाएमा त्यस्तो बिक्रेतालाई खरिद बिक्रि भएको मालसामानको परिमाण र मोलको विचार गरी प्रमुख जिल्ला अधिकारीले एक हजारसम्म जरिवाना वा तीन महिनासम्म कैद गर्न वा दुवै सजाय गर्न सक्ने।<br>- प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्रको सार्वजनिक धारा, कुवा, पोखरी, पँधेरो, पाटि पौवा, सत्तल धर्मशाला, मन्दिर, गुफा, पुल, आदिको लागत लिई राख्नुपर्छ र भत्की बिग्री नोक्सान हुन लागेमा त्यसको धनी/वारिस, नगरपालिका वा गाउँपालिका वा गुठि संस्थानद्वारा मर्मत गर्न लगाउनु पर्छ।<br>- सरकारी जग्गा/सार्वजनिक जग्गा वा सामुदायिक जग्गामा आफ्नो हक कायम नभई कसैले घर बनाउनु हुदैन। कसैले त्यस्तो जग्गामा घर बनाएमा वा बनाउन प्रयत्न गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई घर बनाउन रोक्न गर्ने आदेश दिन सक्नेछ।<br>- मानसिक सन्तुलन गुमाएको कुनै व्यक्तिलाई नियन्त्रण नगरी त्यसै छाडा राखेमा कुनै व्यक्ति वा समाजलाई खतरा हुन्छ भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले निजको संरक्षक वा माथवर भए जिम्मा |

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

<table>
<tr><th>क्र.सं.</th><th>ऐन/नियमावली</th><th>प्रमुख जिम्मेवारी</th></tr>
<tr><td></td><td></td><td>लगाउनु पर्नेछ र संरक्षक वा माथवर नभए निजलाई नजिकको अस्पतालमा राखी औषधि उपचारको व्यवस्था गर्नु पर्नेछ।<br>- कसैलाई कसैसँगको नाताको प्रमाणपत्र चाहियो भनी प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन आएमा प्रमुख जिल्ला अधिकारीले जाँची बुझी ठिक ठहरेमा पांच रुपैया दस्तुर लिई आवश्यक प्रमाणपत्र दिन सक्नेछ।<br>- परम्परादेखि चली आएको धार्मिक पुजाआजा चलाउनु पर्ने अवस्थामा बाहेक बुद्ध जयन्ती, कृष्ण जन्माष्टमी , महाशिवरात्रि, रामनवमी र एकादशीको पर्वको दिन वा नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशित गरी पशुपंक्षी बध गर्न मनाही गरी तोकिदिएको धार्मिक स्थलमा कसैले पशुपंक्षीको बध गरेमा प्रमुख जिल्ला अधिकारीले निजलाई पाँच सय रुपैयासम्म जरिवाना गर्न सक्नेछ र प्रमुख जिल्ला अधिकारीको त्यस्तो जरिवानाको आदेश उपर पुनरावेदन लाग्ने छैन।<br>- सडकमा छाडा गाईवस्तुलाई सम्बन्धित नगरपालिकाले पक्री नथुनेको अवस्थामा प्रमुख जिल्ला अधिकारीले त्यस्तो गाईवस्तुलाई पक्री लिलाम गर्ने।<br>- सार्वजनिक सम्पतिको अभिलेख व्यवस्थित गर्ने।</td></tr>
<tr><td>४२.</td><td>सशस्त्र प्रहरी ऐन, २०५८</td><td>- मुद्दाको सुनुवाईको क्रममा कुनै साक्षीबाट केहि बुझ्नु पर्ने देखेमा सशस्त्र प्रहरी विशेष अदालतले त्यस्तो साक्षीलाई समाव्हान गरी बुझ्न सक्नेछ। तर बुझ्नुपर्ने साक्षीलाई बोलाउँदा अनावश्यक ढिलाई वा खर्च हुने वा असुविधा हुने सशस्त्र प्रहरी विशेष अदालतलाई लागेमा बन्द सवाल गरी साक्षी रहेको वा बसेको जिल्लाको प्रमुख जिल्ला अधिकारीले साक्षी बुझी पठाउने गरी सशस्त्र प्रहरी विशेष अदालतले आदेश गर्न सक्नेछ।</td></tr>
<tr><td>४३.</td><td>सार्वजनिक सुरक्षा ऐन, २०४६</td><td>- नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डतावा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्न सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा प्रमुख जिल्ला अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्द राखे आदेश जारी गर्न सक्नेछ।<br>- स्थानहदको आदेश जारी गर्ने।</td></tr>
<tr><td>४४.</td><td>संस्था दर्ता ऐन, २०३४</td><td rowspan="2">- संस्था दर्ता गर्ने आदेश दिने/नविकरण गर्ने।<br>- संस्थाको कुनै सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको मिशन विरुद्ध संस्थाको कुनै सम्पति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा त्यस्तो दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राखेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ।<br>- संस्थाको उद्देश्यमा हेरफेर।</td></tr>
<tr><td>४५.</td><td>संस्था दर्ता नियमावली, २०३४</td></tr>
</table>



बन्दना राई
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | ऐन/नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | | - आवश्यक देखेमा संस्थाको हिसाब आफुले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ। हिसाब जाँच गराए बापत हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफुले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ।<br>- दर्ता नगराई संस्था स्थापना गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरुलाई जनही दुई हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ। |
| ४६. | सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ | - जिल्लाभित्रका सरकारी सेवा प्रदायक निकायहरुको काम कारबाहीको अनुगमन र मूल्याङकन गरी सार्वजनिक सेवा वितरण प्रणालीलाई बढी व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला अनुमगन तथा मूल्याङकन समितिको संयोजकको रुपमा कार्य गर्ने।<br>- अदालत र रक्षा सम्बन्धि निकाय बाहेक अन्य जिल्ला स्थित कार्यालय तथा विकास आयोजनाको वर्षमा एकपटक सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले निरीक्षण गर्नुपर्नेछ। |
| ४७. | सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६४ | |
| ४८. | शिक्षा ऐन, २०२८ | - जिल्ला शिक्षा समितिको सदस्यको भुमिका।<br>- यस ऐनको दफा १७(१) को मुद्दाहरु बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दामा कारवाही र किनारा गर्ने। |
| ४९. | शिक्षा नियमावली, २०५९ | - जिल्ला अनौपचारिक शिक्षा समितिको सदस्य।<br>- माध्यमिक शिक्षा उतीर्ण परीक्षा समन्वय समितीको अध्यक्षता।<br>- वृति सिफारिस समितीको अध्यक्षता।<br>- विद्यालयको सम्पत्ति सुरक्षा समितिको अध्यक्षता।<br>- प्रमाणपत्र छानवीन समितीको अध्यक्षता |
| ५०. | सूचनाको हक सम्बन्धी ऐन, २०६४ | - Proactive Disclosure<br>- सूचना अधिकारीको व्यवस्था<br>- सूचना अधिकारीहरुको नियमित बैठक। |
| ५१. | सूचनाको हक सम्बन्धी नियमावली, २०६५ | |
| ५२. | सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ | - कुनै सवारी दुर्घटना भएमा दुर्घटना हुने बित्तिकै त्यस्तो सवारीसाधनको धनी वा व्यवस्थापकले दुर्घटनास्थल रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष बीमाको प्रमाणपत्र र बीमालेख बुझाउनु पर्नेछ।<br>- प्रमुख जिल्ला अधिकारीले यस परिच्छेद बमोजिमको बीमाको रकम दुर्घटनाबाट मृत्यु भएको अवस्थामा दुर्घटना भएको एक्काईस दिनभित्र मृतकको हकवालालाई र अन्य अवस्थामा तीन महिनाभित्र सम्बन्धित व्यक्तिलाई सम्बन्धित सवारी धनी वा व्यवस्थापकको रोहवरमा बिमकबाट उपलब्ध गराईदिनु पर्नेछ। |
| ५३. | सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ | |

बन्दना राई
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तेह्रथुम

| क्र.सं. | ऐन/नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| ५४. | होटेल व्यवस्था तथा मदिराको विक्री वितरण (नियन्त्रण) ऐन, २०२३ | - ऐनमा उल्लेखित व्यवस्था उल्लंघन गर्ने होटल वा पसलको मालिक वा अन्य कुनै व्यक्तिलाई बढीमा ३ महीनासम्म कैद वा पच्चीस हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ। |
| ५५. | होटेल व्यवस्था तथा मदिराको विक्री वितरण (अधिकारी तोक्ने) नियमहरु, २०२४ | - ऐनमा उल्लेखित व्यवस्था उल्लंघन गर्ने होटेल वा पसलको मालिक वा अन्य कुनै व्यक्तिलाई बढीमा ३ महिनासम्म कैद वा पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ। |

## ९. आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

आम्दानीको विवरण

| क्र.सं. | आम्दानीको स्रोत (राजश्व) | रकम | कैफियत |
|---|---|---|---|
| १ | संस्था दर्ता तथा नविकरण | ४२,०००।- | |
| २ | राहदानी शुल्क | २३,७२,५००।- | |
| ३ | हात हतियार ईजाजतपत्र दस्तुर | | |
| ४ | प्रशासनिक दण्ड जरिवाना र जफत | १५,०००।- | |
| ५ | अन्य प्रशासनिक सेवा शुल्क | - | |
| ६ | कर्मचारी बढुवा शुल्क (परीक्षा शुल्क) | - | |
| | जम्मा | २४,२९,५००।- | |

## १०. वेभ साईटको विवरण

- www.daoterathum.moha.gov.np

## ११. सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय

- जिल्ला प्रशासन कार्यालयको Website,नागरिक वडापत्र साथै आवश्यकता अनुसार विभिन्न सरकारी कार्यालयहरूको Websiteतथा स्थानीय तहहरूमा समेत प्रकाशन हुन सक्ने।

बन्दना राई
प्रमुख जिल्ला अधिकारी